मिति २०८०/४/२८ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु

१. भुन्टेडाँडा केसर तथा खानी संचालन सम्बन्धमा ।

२. आ.व.२०७९/०८० को नपुग वजेट व्यवस्थापन सम्बन्धमा ।

३. कृषि संकलन केन्द्र संचालन सम्बन्धमा ।

४. वडा नं ८ मा भेटिएको वेवारीसे लास व्यवस्थापन खर्च सम्बन्धमा ।

५. लामोसमय देखि सम्पन्न हुन नसकेका योजनाहरुको सम्बन्धमा ।

६. भूमिहिन दलित र भूमिहिन सुकुम्बासी सम्बन्धमा ।

७. विपदका कारण पूर्णक्षति भएको घरको किस्ता भुक्तानी सिफारिस सम्बन्धमा ।

८. वन्यजन्तुबाट भएको अन्नवालीको क्षतिको राहत माग गर्ने सम्बन्धमा ।

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
थाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

**बैठकका निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा शितगंगा नगरपालिकाको भुन्टेडाँडामा संचालित शितगंगा मिनरलर्स प्रा.लि. मार्फत संचालित केसर उद्योगले सोही स्थानको आफ्नो जग्गामा खानी संचालन गर्नको लागि खानी विभागमा माइनिङ्ग स्कीम सहित सिफारिस माग गरेकोले हाल सम्मको राजश्व, नविकरण, इजाजत खरेजी लगायतको विषयमा थप अध्ययन गरी आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाको आ.व. २०७९/०८० को लागि स्वीकृत योजना, कार्यक्रम र चालु प्रकृतिका खर्चहरु भुक्तानी गर्ने क्रममा संघीय सरकारबाट वित्तिय समानीकरण अनुदान राजश्व बाँडफाड, प्रदेश सरकारबाट राजश्व बाँडफाँड र नगर पालिकाको आन्तरिक श्रोत तर्फ प्रस्ताव गरेबमोजिम रकम प्राप्त नहुँदा उक्त स्वीकृत कार्यक्रम अर्न्तगत भएको खर्चहरु मध्ये रु ४,४०,३०,९५५।- भुक्तानी हुन नसकेको सन्दर्भमा आजको बैठकमा छलफल भयो । सो रकम भुक्तानी गर्ने सन्दर्भमा चालु आ.व. २०८०/०८१ को लागि बचत सरेको रकम रु २,९८,१२,१६०।५५ बाट उक्त भुक्तानी बाँकी रहेको रकम तत्काल भुक्तानी गर्ने र मौज्दात सरेको रकमबाट भुक्तानी गर्दा समेत नपुग हुने रु १,४९,८१,७९४।४४ चालु आ.व.२०८०/०८१ को लागि नगरपालिका तथा वडा तर्फ चालु प्रकृतिका कार्यक्रम संचालनको लागि विभिन्न शिर्षकमा विनियोजन भएको रकम मध्येबाट हाल लाई आवश्यक पर्ने रकम सून्य गर्ने र यसरी सुन्य गर्दा वचत हुने रकमबाट उल्लेखित नपुग हुने रकम भुक्तानी दिने व्यवस्था मिलाई चालु प्रकृतिका सवै कार्यक्रम संचालनका लागि विनियोजन भएको कार्यक्रमहरु मिति २०८० पौष मसान्त सम्म नगर्ने । उक्त नगरसभाबाट स्वीकृत चालु प्रकृतिका कार्यक्रम संचालन गर्ने सन्दर्भमा श्रोत समेतको पहिचान गरी २०८० पौष मसान्त पश्चात कार्यपालिकाको बैठकबाट हुने निर्णय अनुसार गर्ने । साथै आ.व.२०७९/०८० मा भएको चालु प्रकृतिको संचालन खर्चको सन्दर्भमा शिर्षकगत रुपमा बैठकमा पेश भई छलफल भयो । स्वीकृत

वजेटको परिधिभित्र रही गरेको उक्त संचालन खर्चलाई अनुमोदन गर्दै वार्षिक प्रगति समिक्षा बैठक भाद्र महिनामा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकाको अमराईमा रहेको कृषि संकलन केन्द्र संचालन गर्न आवश्यक कार्यको लागि गत आ.व.मा रु १ लाख वजेट विनियोजन भएकोमा सो रकमबाट नपुग हुने भई कार्य नभएकोमा हाल उक्त संकलन केन्द्र व्यवस्थापनको लागि करिव रु ४५००००।- लाग्ने लागत अनुमान समेत पेश भएकोले नपुग हुने रकम तत्काल चालु आ.व.को वजेटबाट पशु उत्पादनमा आधारित प्रोत्साहान अनुदान शिर्षकमा विनियोजित रकमबाट रु ४ लाख घटाई कृषि संकलन केन्द्र व्यवस्थापन कार्यको लागि रु ४ लाख विनियोजन गरी उक्त कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. ८ मा भेटिएको वेवारिसे लास व्यवस्थापन गर्ने कममा रु २९०००।- खर्च भएकोमा विपद् व्यवस्थापन कार्यविधिमा भएको व्यवस्था अनुसार रु १० हजार भुक्तानी भई सकेकोमा बाँकी रहेको रु १९ हजार समेत विपद् कोषबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. ३ मा रहेको ठाडा प्राथमिक स्वास्थ्य केन्द्र अस्पताल भवन निर्माण, वडा नं. ३ कै डमरुदह क्षेत्रको सडक, वडा नं. ४ अमराई सानादह सडक र वडा नं. १२ को हिलेखोला रजिया सडक निर्माणको लागि नेपाल सरकारका विभिन्न निकाय मार्फत कार्य सुरु भएता पनि लामो समय देखि कार्य सम्पन्न हुन नसक्दा नगरबासी लगायत जनताले पाउने सेवा सुविधा सहज रुपमा प्राप्त गर्न नसकेको र सो कारणले सेवा प्रवाह, यातायात तथा पर्यटन क्षेत्रमा निक्कै समस्या परिरहेकोले कार्यको जिम्मा लिने निर्माण व्यवसायीलाई समयमै कार्य गराई छिटो भन्दा छिटो उक्त योजनाहरु सम्पन्न गराउन कार्यान्वयन गर्ने सम्बन्धित निकायलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिकाको भूमिहिन दलित र भूमिहिन सुकुम्बासीहरुलाई पूर्जा उपलब्ध गराउने सन्दर्भमा निम्न बमोजिम गर्ने निर्णय गरियो ।

(क) यस नगरपालिको सवै वडाहरुको भूमिहिन दलित र भूमिहिन सुकुम्बासीको लगत संकलन र ७ दिने सूचना प्रकाशन गर्न राष्ट्रिय भूमि आयोग जिल्ला समिति अर्घाखाँचीलाई सिफारिस गर्ने ।

(ख) वडा नं. ११ बाट प्राप्त भूमिहिन दलित र भूमिहिन सुकुम्बासीहरुको नापनक्सा सुरु गर्न, आवश्यक सहजिकरण गरी सो सम्बन्धि कार्य अगाडी बढाई दिन राष्ट्रिय भूमि आयोज जिल्ला समिति अर्घाखाँचीलाई सिफारिस गर्ने ।

(ग) शितगंगा नगरपालिकाको वडा नं १४ विकमको सिट नं. ०९८/०९३८ को यस कार्यालयबाट सिफारिस भएका भूमिहिन सुकुम्बासी संख्या ४ र अव्यवस्थित संख्या ४७ जनाको अनुसूची ७ (दफा ४ को उपदफा १) सँग सम्बन्धित ३५ दिने सूचना प्रकाशन गरिदिन राष्ट्रिय भूमि आयोग जिल्ला समिति अर्घाखाँचीलाई सिफारिस गर्ने ।

(घ) शितगंगा नगरपालिकाका सम्पूर्ण वडाहरुको प्रिन्ट नक्सा निकाली कार्यालयमा राख्ने व्यवस्था मिलाउने ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. ११ को तपशिलका व्यक्तिहरुको घर विगतका वर्षमा आएको अविरल वर्षादको कारण पूर्ण क्षति भई घर निर्माणको लागि जिल्ला प्रशासन कार्यालय अ.खा.मा पेश गरी प्रथम किस्ता समेत निकासा भई घर निर्माण कार्य समेत सम्पन्न गरेको तर सिस्टममा नदेखिएकोमा हाल मात्र सो सम्बन्धि सफ्वेयर सिस्टममा देखिएकोले घर निर्माण सम्पन्न भएकाहरुको दोस्रो र तेस्रो किस्ता निकासा हुन नसकेको हुँदा सो रकम निकासाको लागि जिल्ला प्रशासन कार्यालय अ.खा.मा अनुरोध गर्ने निर्णय गरियो ।

*तपशिल*

(क) एक बहादुर राउत शितगंगा न.पा. ११ अ.खा.

(ख) हिरा सिंह सोती शितगंगा न.पा. ११ अ.खा.

(ग) निसा कुमारी घर्ति मगर शितगंगा न.पा. ११ अ.खा.

(घ) नुमाकला वराल शितगंगा न.पा. ११ अ.खा.

(ङ) कर्ण बहादुर रजाली शितगंगा न.पा. ११ अ.खा.

(च) डिल बहादुर बराल मगर शितगंगा न.पा. ११ अ.खा.

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिकाको अधिकाशं क्षेत्र घना वनजंगल भएको कारण यस नगरपालिकाको किसानहरुलाई बन्य जन्तुले वालीनाली खाई आकान्त पारिरहेको अवस्था छ । बादर, वजेद, राते, दुम्सी लगायतका वन्य जन्तुले किसानले लगाएको अन्नवाली नष्ट पारी ठूलो क्षति पुऱ्याएकाले किसानहरुलाई वन्यजन्तुले अन्नवालीमा गरेको क्षति वापत राहत उपलब्ध गराई दिन जिल्ला समन्वय समिति अर्घाखाँची, जिल्ला प्रशासन कार्यालय अर्घाखाँची मार्फत सम्बन्धित निकायमा माग गर्न लेखी पठाउने निर्णय गरियो ।